आज मिति २०७६ साल पौष २५ गतेका दिन प्रमुख श्री नर बहादुर थापा मगरज्यू को अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहायको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

## तपसिल

| | |
|---|---|
| १) नगरपालिका प्रमुख श्री नर बहादुर थापा मगर<br>रामेछाप नगरपालिका रामेछाप | अध्यक्ष |
| २) नगरपालिका उप-प्रमुख श्री सृजना खडका<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ३) वडा अध्यक्ष वडा नं.१ श्री नर बहादुर थापा क्षेत्री<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ४) वडा अध्यक्ष वडा नं. २ श्री निर बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ५) वडा अध्यक्ष वडा नं.३ श्री भूपाल राज श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ६) वडा अध्यक्ष वडा नं. ४ श्री टुपेन्द्र बहादुर तामाङ्<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ७) वडा अध्यक्ष वडा नं. ५ श्री भिम बहादुर तामाङ्<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ८) वडा अध्यक्ष वडा नं. ६ श्री धन बहादुर खडका<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ९) वडा अध्यक्ष वडा नं. ७ श्री समिर कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १०) वडा अध्यक्ष वडा नं.८ श्री केदार कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ११) वडा अध्यक्ष वडा नं.९ श्री चन्द्र बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |

१२) कार्यपालिका सदस्य श्री जमुना हायू रामेछाप नगरपालिका रामेछाप — सदस्य

१३) कार्यपालिका सदस्य श्री समिता वि.क. रामेछाप नगरपालिका रामेछाप — सदस्य

१४) कार्यपालिका सदस्य श्री ज्ञानुदेवी वस्नेत कार्की रामेछाप नगरपालिका रामेछाप — सदस्य

१५) कार्यपालिका सदस्य श्री रुकुम हायू रामेछाप नगरपालिका रामेछाप — सदस्य

१६) कार्यपालिका सदस्य श्री सरोज कटुवाल रामेछाप नगरपालिका रामेछाप — सदस्य

१७) कार्यपालिका सदस्य श्री जनकराज सुनुवार रामेछाप नगरपालिका रामेछाप — सदस्य

१८) कार्यपालिका सदस्य श्री अनिता काफ्ले रामेछाप नगरपालिका रामेछाप — सदस्य

१९) कार्यपालिका सदस्य श्री कविता रिसाल रामेछाप नगरपालिका रामेछाप — सदस्य

२०) प्रमुख प्रशासकीय अधिकृत श्री दिपेन्द्र पौडेल रामेछाप नगर कार्यपालिकाको कार्यालय रामेछाप — सदस्य सचिव

**छलफल तथा प्रस्तावहरु:**

१) नगर सभामा पेश गरिने विभिन्न विधेयकहरुको मस्यौदा सम्बन्धमा ।
२) रामेछाप नगरपालिकाको विनियोजन ऐन २०७६(पहिलो संशोधन) विधेयक २०७६ सम्बन्धमा ।
३) विभिन्न कार्यविधिहरुको मस्यौदा सम्बन्धमा ।
४) ट्याकटरको रकम भूक्तानी सम्बन्धमा ।
५) भालुखोप भ्यू टावर र वडा नं.६ को वडा कार्यालयको भवन टेण्डर सम्बन्धमा ।
६) वडा नं. ७ र वडा नं.९ को वडा कार्यालय भवन निर्माणहरु उपभोक्ता समिति मार्फत गर्ने सम्बन्धमा ।
७) मासिक डोर र ज्यालादारी कर्मचारी सम्बन्धमा ।
८) राम कुमार नेपालीलाई दिएको रकम रु.८०,०००।- अनुमोदन गर्ने सम्बन्धमा ।
९) आगामी आ.व.को समपुरक र विशेष कोषबाट सञ्चालन हुने योजना छनौट सम्बन्धमा ।

१०) करार कर्मचारीको म्याद थप सम्बन्धमा ।
११) एक गाउ एक प्राविधिक कर्मचारीलाई निरन्तरता दिने सम्बन्धमा ।
१२) नगर प्रहरी करारमा पदपूर्ति तथा प्रहरी मापडण्ड सम्बन्धमा ।
१३) नगर कार्यपालिकाको बैठकमा पेश गर्ने भनि तोक आदेश भएका विषयका सम्बन्धमा ।
१४) मानेडाँडा -वाविया खर्च(रिङ्गरोड) सम्बन्धमा ।
१५) हर्दिनी गाउको सिचाई सम्बन्धमा ।
१६) सवारी साधन खरिद सम्बन्धमा ।
१७) शान्ति पार्क सम्बन्धमा ।
१८) शान्ति आश्रम(माला गिरी विकास केन्द्र) र ज्ञानज्योति पुस्तकालय भवन निर्माण सहयोग सम्बन्धमा ।
१९) नगरपालिकालाई जग्गा दान सम्बन्धमा ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ (क) २ बमोजिम पेश गरिएको ।



निर्णय नं. १

मिति २०७६/०९/१० गतेको यस रामेछाप नगर कार्यपालिकाको बैठकबाट पारित निर्णयहरुको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गर्दा कार्यान्वयनको अवस्था राम्रो रहेको पाइयो ।

निर्णय नं. २

रामेछाप नगर कार्यपालिकाको मिति २०७६/०९/२८ गते बस्ने छैठौ नगरसभा समक्ष पेश गरिने विभिन्न विधेयक एवं कार्यपालिकाबाट पारित गरिने विभिन्न कार्यविधिहरुको मस्यौदा सम्बन्धमा छलफल भई विस्तृत अध्ययनका लागि वितरण गरियो ।

निर्णय नं. ३

रामेछाप नगरपालिकाको विनियोजन ऐन, २०७६ (पहिलो संशोधन) सम्बन्धमा छलफल भई अध्ययनका लागि वितरण गरियो ।

निर्णय नं. ४

रामेछाप नगरपालिकाको ट्याक्टरको रकम भुक्तानीका लागि मेकानिकल ईन्जिनियरबाट प्रतिवेदन लिई सो बमोजिम भुक्तानी गर्ने भनी नगर कार्यपालिका बैठकबाट निर्णय भएकोमा ट्याक्टरको समग्र अवस्था राम्रो रहेको भनी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका मेकानिकल इन्जिनियर श्री नगेन्द्र बहादुर थापाबाट प्रतिवेदन प्राप्त भएकोले ट्याक्टर खरिद कार्यको रकम रु. रु. २२,९९,५५०।- (मुअकर सहित) भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ५

रामेछाप नगरपालिका वडा नं. ६ स्थित भालुखोप भ्यू टावर र सोही वडाको वडा कार्यालय भवन निर्माणको कार्य लागत अनुमान रकम बमोजिम बोलपत्रद्धारा संचालन गर्ने कार्यको समर्थन एवं स्वीकृती गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

रामेछाप नगरपालिका वडा नं. ७ र वडा नं. ९ को वडा कार्यालय भवन निर्माण कार्य उपभोक्ता समितिमार्फत संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५/१०/०९ को पत्रानुसार मन्त्रालयबाट मिति २०७४/१२/१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ विपरित मासिक डोर, ज्यालादारी वा स्वीकृत दरवन्दी भन्दा बाहिर अन्य रुपमा कर्मचारीहरु राख्न नमिल्ने, यस्तो कार्य प्रचलित कानुन विपरित भई बेरुजु कायम हुने भनी उल्लेख भई आएको सन्दर्भमा यस नगरपालिकाको कार्यालय र वडा कार्यालयमा रहने आवश्यक जनशक्ति समेतको दरवन्दी संरचना तयार गरी नगर कार्यपालिका बैठक समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

रामेछापका प्रतिभाशाली लोक गायक श्री राम कुमार नेपालीलाई लोक स्टार प्रतियोगिताको सन्दर्भमा यस नगरपालिकाबाट आर्थिक सहयोग स्वरुप उपलब्ध गराईएको रकम रु. ८०,०००।- अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

आगामी आर्थिक वर्ष २०७७/७८ का लागि संघीय सरकार मार्फत समपूरक र विशेष कोषबाट संचालन हुने गरी देहायका योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

**क. समपूरक कोष तर्फ**

१. हाट बजार व्यवस्थापन, रामेछाप नगरपालिका ८

२. कवर्ड हल निर्माण, रा. न.पा.-७ (चालु आ.व. मा रहेको, आगामी आ.व. मा निरन्तरता दिने)

३. खेलमैदान निर्माण, रामेछाप नगरपालिका २ (केउरेपानी उडा, देवाली चौर)

विशेष कोष तर्फ

१. फोहोरमैला व्यवस्थापन (डम्पिङ्ग साइट) निर्माण,

२. सिप विकास केन्द्र निर्माण तथा संचालन,

३. हायु संग्रहालय स्थापना तथा संचालन,

**य नं. १०**

यस रामेछाप नगरपालिकाको कार्यालयमा करार तर्फ कार्यरत कर्मचारीहरुको २०७६ साल चैत्र मसान्तसम्म म्याद थप गर्ने य गरियो।

**य नं. ११**

एक गाँउ एक प्राविधिक अन्तर्गत यस नगरपालिका अन्तर्गत कार्यरत प्राविधिक कर्मचारीहरुलाई निरन्तरता दिने निर्णय यो।

**य नं. १२**

यस नगरपालिकाको स्वीकृत दरवन्दीमा नगरप्रहरी करारमा पदपूर्ति गर्ने प्रकृया अघी बढाउने र सोका लागि नेपाल को स्वीकृत मापदण्ड बमोजिम गर्ने निर्णय गरियो।

**य नं. १३**

नगरकार्यपालिका बैठक समक्ष पेश गर्ने भनी प्रमुखज्यूबाट तोक आदेश भएका देहाय बमोजिमका कार्यक्रमहरुका लागि य बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो।

(क) बुद्धिष्ट साँस्कृतिक लामा झाँकी (लामा नाच) तथा सोनाम ल्होसार, टासी छेरिङ्ग गुम्वा, रानपा ७ रु. १ लाख

(ख) लाखे नाच कलाकार व्यवस्थापन/सामग्री खरिदका लागि भंगेरी साँस्कृतिक समूह, रानपा ८ रु. १ लाख

(ग) मारुनी झ्याउरे नाचको वृत्तचित्र निर्माण तथा माघे सक्रान्ती महोत्सव, नेपाल मगर संघ रु. ३ लाख

(घ) अपाङ्ग सम्बन्धी राष्ट्रिय/अन्तराष्ट्रिय कानुनी प्रावधान विषयक अभिमुखीकरण कार्यक्रम, नेपाल आदिवासी जनजाति अपाङ्ग संघ रु. १ लाख ९७ हजार ५ सय

(ङ) राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता तयारीका लागि नगरभरका माविहरुलाई खेल सामग्री खरिद तथा खेल व्यवस्थापन रु. ३ लाख ४२ हजार

**र्णय नं. १४**

देहायका योजनाहरुका सम्बन्धमा छैठौ नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो।

(क) मानेडाँडा-बावियाखर्क रिङरोड, रानपा-८

(ख) हर्दिनी सिंचाई, रानपा-६ (ग) धनेघाट लिफ्ट सिंचाई, रा.न.पा.-८

**र्णय नं. १५**

रामेछाप नगरपालिकाको कार्यालयका लागि रु. ५० लाखको आसपासमा रही फोरह्वील जीप खरिद गर्ने निर्णय गरियो।

**र्णय नं. १६**

आन्तरिक मामिला तथा कानुन मन्त्रालय हेटौडाको मिति २०७६/०९/२१ गतेको पत्रानुसार शान्तिपार्क निर्माण झेदारी कार्यविधि, २०७६ बमोजिम संचालन/कार्यान्वयन हुने गरी रामेछाप नगरपालिका वडा नं. ८ स्थित डुकुरसिंहडाँडामा न्ति पार्क निर्माणका लागि प्रस्ताव पठाउने निर्णय गरियो।

निर्णय नं. १७

मलागिरी विकास केन्द्रद्वारा पेश हुन आएको रानपा ८ स्थित शान्ति आश्रम र ज्ञानज्योति पुस्तकालयबाट पेश हुन आएको पुस्तकालय भवन निर्माण कार्यका लागि नगरपालिकाबाट आवश्यक रकम सहयोग गरिने प्रतिवद्धता जनाई सम्बन्धित निकायमा शिफारिश गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

रामेछाप नगरपालिका वडा नं. ७ मुडाजोर निवासी सूर्य बहादुर कार्कीले स्वास्थ्य चौकी निर्माणका लागि साविक मुडाजोर ३ ख कि.नं. ९३ को ३-१-०-० क्षेत्रफल बराबरको जग्गा दान दिन स्वेच्छापूर्वक यस नगरपालिका समक्ष निवेदन दिनु भएकोमा भविष्यमा सो जग्गा भित्र निर्माण गरिने संरचना तथा जग्गा उपयोग गर्दा निज जग्गादाताको कुनै पनि शर्त स्वीकार गर्न नसकिने गरी निःशर्त रुपमा निजको जग्गा नियमानुसार नगरपालिकाको नाममा लिने निर्णय गरियो ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) तथा रामेछाप नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि), २०७४ को नियम ५ को उप नियम १ बमोजिम प्रमाणित गरिएको ।

..................

प्रमुख प्रशासकीय अधिकृत

दिपेन्द्र ... प्रमुख प्रशासकीय अधिकृत

नर बहादुर थापा मगर प्रमुख